बागमती प्रदेश सरकार
# मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
हेटौंडा, नेपाल

पत्र सङ्ख्या :-
चलानी नं. :-

## तह वृद्धि सम्बन्धी सूचना

(सूचना प्रकाशन मिति: २०८१।०३।१८)

प्रदेश निजामती सेवा ऐन, २०७९ को दफा ३० बमोजिम तह वृद्धि हुन योग्यता पुगेका कर्मचारीहरूले तपसिल बमोजिम हुने गरी यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिनभित्र निवेदन सहितको कागजात पेश गर्नुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

तपसिलः

१. दशौ तहमा तह वृद्धि हुन चाहने कर्मचारीहरुले सम्बन्धित मन्त्रालयमा निवेदन दिने र मन्त्रालयले तोकिएको म्यादभित्र संकलन भएका निवेदनहरु यस कार्यालयमा पेश गर्ने व्यवस्था मिलाउने।

२. यस कार्यालय अन्तर्गतका निकायमा कार्यरत तह वृद्धि हुन चाहने कर्मचारीहरूले सम्बन्धित कार्यालयमा निवेदन दिने र कार्यालयले तोकिएको म्यादभित्र संकलन भएका निवेदनहरु यस कार्यालयमा पेश गर्ने व्यवस्था मिलाउने।

३. यस कार्यालयमा कार्यरत तह वृद्धि हुन चाहने कर्मचारीहरूले तोकिएको म्यादभित्र कार्यालयमा निवेदन दिने।

**तह वृद्धिका निवेदनसाथ संलग्न राख्नुपर्ने आवश्यक कागजातहरू:**

- सम्बन्धित कर्मचारीको सक्कलै निवेदन,
- शुरु/स्थायी नियुक्ति पत्रको प्रमाणित प्रतिलिपि,
- तह वृद्धि हुने तह भन्दा एक तह/श्रेणी मुनिको तह/श्रेणीमा पुरा गरेको सेवा अवधि पुष्टि हुने कागजात (नियुक्ति/तह वृद्धि) को प्रमाणित प्रतिलिपि,
- समायोजन र पदस्थापन गरिएको पत्रको प्रमाणित प्रतिलिपि,
- प्रदेश निजामती सेवा ऐन, २०७९ को दफा ३० को उपदफा (१) बमोजिम न्यूनतम शैक्षिक योग्यता हासिल गरेको प्रमाणपत्रको,
- प्रमाणित प्रतिलिपि,
- हालसालै अद्यावधिक गरिएको राष्ट्रिय किताबखाना (निजामती)/ प्रदेश किताबखानाबाट मुद्रण गरिएको वैयक्तिक विवरण (PIS),
- प्रदेश निजामती सेवा ऐन, २०७९ अनुसार विभागीय कारबाही पाए/नपाएको र निलम्बनमा परे/नपरेको भन्ने व्यहोराको कर्मचारी कार्यरत सम्बन्धित कार्यालयको सक्कल सिफारिस पत्र।

फोन नं.: ०५७-५२२३८५, ३८७, ८९७, ८९८, ३९७ फ्याक्स: ०५७-५२७५०७, वेबसाइट: www.ocmcm.bagamati.gov.np, ईमेल: ocmcm@bagamati.gov.np